# प्रदेश ब्याबसाय मञ्चको बैठकमा हार्दिक स्वागत



# गण्डकी प्रदेशमा उद्योग तथा ब्यावसाय स्थापना र संञ्चालन

डा. गिरिधारी शर्मा पौडेल

उपाध्यक्ष

प्रदेश नीति तथा येजना आयोग

गण्डकी प्रदेश ब्यावसाय मञ्चको प्रथम बैठकमा प्रस्तुत कार्यपत्र

९ आषाढ २०७६

# यस प्रस्तुतिकरणमा समाबेस भएका बिषय

- प्रदेशका बिकास लक्ष्य र औद्योगिकरण ।
- आर्थिक बृद्धिको प्रक्षेपण ।
- कुल ग्राहस्थ उत्पादनमा क्षेत्रगत बृद्धि प्रक्षेपण ।
- औद्योगिकरणको लागि पालिकामा उद्योगग्राम स्थापना गर्ने मापदण्ड ।
- औद्योगिकरणको लागि जिल्ला औद्योगिक क्षेत्रको स्थापना गर्ने ब्यावस्था ।
- औद्योगिक क्षेत्र ब्यावस्थापन सम्बन्धी मोडेल ।
- औद्योगिक ब्यासाय ऐन २०७३ ले ब्यावस्था गरेको उद्योगको बर्गिकरण ।
- औद्योगिक ब्यासाय ऐन २०७३ बमोजिम कर छुटको ब्यावस्था ।
- बिदेशी लगानी भित्रायाउन गर्नु पर्ने  कार्य ।
- औद्योगिकरणको लागि प्रदेशले गर्ने कार्य ।

# गण्डकी प्रदेशका अल्पकालिन, मध्यकालिन र दीर्घकालिन बिकास लक्ष्य कस्ता छन?

| क्रम संख्या | बिकास सूचक | आधार बर्ष २०७५।०७६ | अल्पकालिन लक्ष्य २०८०।०८१ | मध्यकालिन लक्ष्य २०८६।०८७ | दीर्घकालि लक्ष्य २१००।०१ |
|---|---|---|---|---|---|
| १ | आर्थिक बृद्धिदर (प्रतिशत) | ७.१ | १०.२ | १०.५ | ११.० |
| २ | कुल ग्राहस्थ उत्पादन (रु अरबमा) | २८८.२० | ४६८.७९ | ८५७.१२ | ३६७०.८५ |
| ३ | कुल ग्राहस्थ उत्पादन (अमेरिकी डलर अरबमा) | २.५७ | ३.७० | ९.६९ | ४८.४९ |
| ४ | प्रति ब्याक्ति आय रु मा | १,१६,८४४ | २,४,८२८ | ५,६५,५०५ | ३८,१५,११८ |
| ५ | प्रति ब्याक्ति आय अमेरिकी डलरमा | १,०४३ | १,९५६ | ३,७२१ | १५,७२९ |


# गण्डकी प्रदेशका आर्थिक बृद्धिका लक्ष्य कस्ता छन?


| क्रम संख्या | क्षेत्र | आधार बर्ष २०७५।०७६ को बृद्धिदर (प्रतिशतमा) | अल्पकालिन लक्ष्य २०७६।०७७ देखि २०८०।०८१ को प्रक्षेपित बृद्धिदर (प्रतिशतमा) | मध्यकालिन लक्ष्य २०७६।०७७ देखि २०८६।०८७ को प्रक्षेपित बृद्धिदर ( प्रतिशतमा) | दीर्घकालि लक्ष्य २०८७।०८८ देखि २१००।००१ को प्रक्षेपित बृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| १ | कृषि (कृषि, वन, मत्स्यपालन) | ५.०२ | ५.५० | ५.४ | ५.२ |
| २ | उद्योग (खानिज तथा भूगर्भ, उद्योग, ग्यांस, बिद्युत, पानी र निर्माण) | ९.० | १५.१० | १६.१ | १५.५ |
| ३ | सेवा (ब्यापार, होटेल, रेस्टुरा, यातायात, घरजग्गा, बित्तिय कारोवार, घरबहाल, स्वास्थ, शिक्षा आदि) | ७.२ | १०.४ | ९.६ | ८.३ |
| ४ | जम्मा | ७.१० | १०.२ | १०.५ | ११.० |

# गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा मुख्य क्षेत्रको योगदान कस्तो प्रक्षेपण गरिएको छ?

| क्रम संख्या | क्षेत्र | आधार बर्ष २०७५।०७६ | | अल्पकालिन लक्ष्य २०८०।०८१ | | मध्यकालिन लक्ष्य २०८६।०८७ | | दीर्घकालिन लक्ष्य २१००।००१ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल ग्राहस्थ उत्पादन रु अरबमा | क्षेत्रगत योगदान प्रतिशतमा | कुल ग्राहस्थ उत्पादन रु अरबमा | क्षेत्रगत योगदान प्रतिशतमा | कुल ग्राहस्थ उत्पादन रु अरबमा | क्षेत्रगत योगदान प्रतिशतमा | कुल ग्राहस्थ उत्पादन रु अरबमा | क्षेत्रगत योगदान प्रतिशतमा |
| १ | कृषि | ८५.२८ | २९.६ | १११.४९ | २५.० | १५२.९४ | १७.८ | ३११.६३ | ८.५ |
| २ | उद्योग | ५१.८७ | १८.० | १०४.९४ | २२.० | २५७.३५ | ३०.१ | १९४२.०८ | ५२.९ |
| ३ | सेवा | १५१.१० | ५२.४ | २५२.३६ | ५३.० | ४४६.८३ | ५२.१ | १४१७.१४ | ३८.६ |
| | जम्मा | २८८.२० | १०० | ४६८.७९ | १०० | ८५७.१२ | १०० | ३६७०.८५ | १०० |

# आर्थिक बर्ष २०७५।०७६ मा क्षेत्रगत आर्थिक बृद्धिदर कस्तो छ?






आर्थिक बर्ष २०७५।०७६ मा गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा) कस्तो छ?
35.00
30.00
25.00
20.00
15.00
10.00
5.00
0.00
29.91
0.03
0.80
3.21
2.80
11.41
7.99
3.87
5.75
5.23
7.26
3.52
7.27
3.23
7.74
कृषि र वन
मत्स्यपालन
खनिज तथा भूगर्भ
उद्योग
बिद्युत,ग्यांस र पानी
निर्माण
व्यापार
होटेल र रेस्टुरा
यातायात
बित्तीय कारोबार
घरबहाल
प्रशासन
शिक्षा
स्वास्थ्य
सामाजिक कार्य

# हाम्रा लक्ष्य प्राप्त गर्न यो पञ्चबर्षिय योजनाको लागि कति लगानी चाहिन्छ?

## कुल १० खर्ब १२ अर्ब प्रक्षेपित लगानीको क्षेत्रगत अंश



# औद्योगिकरणको लागि पालिकामा उद्योगग्राम स्थापना गर्ने मापदण्ड के हुन?

| औद्योगिक वर्ग | पर्याबरणीय क्षेत्र | न्युनतम जग्गा संघ (रोपनी) | न्युनतम जग्गा प्रदेश (रोपनी) | निजिक्षेत्रले सञ्चालन गर्ने उद्योग ग्राम (रोपनी) प्रदेशको मापदण्ड | अनुमानित उद्योग संख्या (प्रदेशको मापदण्ड) | अनुमानित रोजगारी | उद्योग ग्राम जोडने मुख्य सडकको चौडाइ (मिटर) | उद्योग ग्राम जोडने मुख्य सडकको चौडाइ (मिटर) | प्रदेशले तोकेको मापदण्ड अनुसार उद्योग ग्राम स्थपना गर्न लाग्ने खर्च रु |
|---|---|---|---|---|---|---|---|---|---|
| ग. बर्ग | हिमाली क्षेत्र | ३० | ७५ | ४० | १५ | १५० | १० मिटर | ७ मिटर | ४ करोड |
| ख. बर्ग | पहाडी क्षेत्र | ४० | १५० | ६० | ३० | ४५० | " | " | ८ करोड |
| क. बर्ग | तराई क्षेत्र | ९१ (७ बिगाहा) | २६० (२० बिगाहा) | ९१ (७ बिगाहा) | ५२ | १०४० | " | " | १४ करोड |

नोटः जग्गा अधिकरण गर्नुपरेमा न्युनतम प्रतिरोपनी मुल्य रु ५ लाख। बाटो, ढल, पानी, बिद्युत, टेलिफोन, इन्टरनेट, प्रशासनिक भवन आदि निर्माणको लागि प्रति रोपनी सरदर रु ३०००० । एक उद्योगको लागि न्युनतम ५ रोपनी जग्गा । प्रति उद्योग हिमालमा १०, पहाडमा १५ र तराइमा २० रोजगार अनुमान गरिएको छ।

# औद्योगिकरणको लागि जिल्ला औद्योगिक क्षेत्रको स्थापना गर्न के ब्याबस्था गर्नुपर्ला?

| औद्योगिक वर्ग | पर्याबरणीय क्षेत्र | न्युनतम जग्गा (रोपनी) | बाटो, धारा, पार्क आदि (रोपनी) | जम्मा जग्गा (रोपनी) | अनुमानित निर्माण लागत | उद्योगको संख्या न्युनतम | उद्योगको संख्या उच्चतम | न्युनतम रोजगार | उच्चतम रोजगार |
|---|---|---|---|---|---|---|---|---|---|
| ग. वर्ग | हिमाली क्षेत्र | १२५ | २५ | १५० | १२ करोड | १५ | २५ | १५० | २५० |
| ख. वर्ग | पहाडी क्षेत्र | २५० | ५० | ३०० | २४ करोड | २५ | ५० | ३७५ | ७५० |
| क.वर्ग | तराई क्षेत्र | ३७५ | ७५ | ४५० | ४० करोड | ५० | ७५ | १००० | १५०० |

**नोटः जग्गा अधिकरण गर्नुपरेमा न्युनतम प्रतिरोपनी मुल्य रु ५ लाख। जग्गा बिकास गर्न सालाखाला प्रतिरोपनी रु ३०००० । प्रति उद्योग सालाखाला हिमालमा १०, पहाडमा १५ र तराइमा २० रोजगार। एक उद्योगको लागि न्युनतम ५ रोपनी जग्गा, अनुमान गरिएको छ**

## औद्योगिक क्षेत्र स्थापना गर्न गर्नुपर्ने मूख्य कार्यहरु के हुन?

- पालिका/जिल्लाको प्रतिनिधित्व हुनेगरी औद्योगिक क्षेत्र राख्ने ठाउको पहिचान गर्ने ।
- गाउं तथा बस्तीहरु नजिकै नभएका ठाउं छनोट गर्ने ।
- मोटर बाटोले जोडिएको ठांउ छनौट गर्ने। ।
- औद्योगिक क्षेत्रमा आधारभूत सेवाहरु जस्तै पानी, बिजुली, इन्टरनेटको नियमित आपुर्ति हुने ब्याबस्था गर्ने ।
- औद्योगिक क्षेत्र ब्याबस्थापन समिति गठन गर्ने ।

# औद्योगिक क्षेत्र संञ्चालनको मोडेल कस्तो उपयुक्त होला ?

| औद्योगिक क्षेत्र ब्यावस्थापन मोडेल | जग्गाको ब्यावस्था कस्ले गर्ने ? | जग्गा र औद्योगिक क्षेत्र निर्माणमा लगानी कस्ले गर्ने? | औद्योगिक क्षेत्रको ब्यावस्थापन कस्ले गर्ने । | मुख्य लाभग्राही को हुने । |
|---|---|---|---|---|
| १. हालको सार्बजनिक संस्थान मोडेल | सार्बजानिक जग्गा वा अधिकरण गरेको जग्गा प्रदेश सरकारले ब्यावस्था गर्ने । जग्गाको समित्व प्रदेश सरकारमा हुने । | प्रदेश सरकारले आबश्यक पुरै लगानी गर्ने । | प्रदेश सरकारले गठन गरेको ब्यावस्थापन समितिले ब्यावस्थापन गर्ने । | सानो पुंजी भएका उद्यमी । |
| २. सार्बजानिक निजि क्षेत्र साझेदारी मोडेल (पब्लिक लिमिटेड) | प्रदेश सरकारको सहयोगमा जग्गा अधिकरण गरी ब्यावस्था गर्ने । उद्योग क्षेत्र स्थापना गरेको जग्गा उद्यमीको र अन्य प्रदेश सरकारको हुने । | २५ प्रतिशत प्रदेश सरकार<br>२५ प्रतिशत स्थानीय तह<br>२५ प्रतिशत बित्तिय संस्था<br>२५ प्रतिशत सर्बसाधारण | अंसियारबाट निर्बाचित ब्यावस्थापन समितिले ब्यावस्थापन गर्ने । | मझौला पुंजी भएका उद्यमी । |
| ३. निजि क्षेत्रले संञ्चालन गर्ने कम्पनी मोडेल । | प्रदेश सरकारले जग्गा खरिद गरी ब्यावस्था गर्ने । खरिद गरेको जग्गाको स्वामित्व निजि क्षेत्रलाइ हस्तान्तरण गर्ने । पार्क, बाटो, खुला क्षेत्र मात्र प्रदेश सरकारको हुने। | ठुला लगानीकर्त्ताले गलानी गर्ने । प्रदेश सरकारले सहजिकरण गर्ने । | निजि क्षेत्रका अंसियारवाट निर्बाचित औद्योगिक क्षेत्र ब्यावस्थापन समितिले ब्यावस्थापन गर्ने । | ठुलो पुंजी भएका उद्यमी । |

# औद्योगिक व्यासाय ऐन २०७३ ले व्याबस्था गरेको उद्योगको बर्गिकरण

| उद्योगका प्रकार | बर्गिकरणका आधार |
| --- | --- |
| १. घरेलु उद्योग | घर जग्गा बाहेक बढीमा रु ५ लाख सम्मको लगानी, नौ जना सम्म कामदार, बार्षिक कारोबार ५ लाख भन्दा कम र २० किलोवाट भन्दा कम बिद्युत खपत गर्ने उद्योग। |
| २. साना उद्योग | रु १० करोड सम्मको स्थिर पुंजी भएका उद्योग। |
| ३. मझौला उद्योग | रु १० करोड भन्दा माथि र रु २५ करोड भन्दा कम स्थिर पुंजी भएका उद्योग। |
| ४. ठुला उद्योग | रु पच्चिस करोड रुपयांभन्दा बढी स्थिर पुजी भएका उद्योग। |

# औद्योगिक ब्यासाय ऐन २०७३ बमोजिम उत्पादनका आधारमा उद्योगहरुको बर्गिकरण कसरी गरेको छ?

| उद्योगका किसिम | उद्योगको बिबरण |
| --- | --- |
| १. उर्जामुलक उद्योग | उर्जा उत्पादन गर्ने ब्याबसायमा संलग्न उद्योग। |
| २. उत्पादनमुलक उद्योग | कच्चा पदार्थ प्रयोग गरी मालबस्तु उत्पादन गर्ने उद्योग। |
| ३. कृषि तथा वनमा आधारित उद्योग | कृषि तथा वन पैदावार प्रगोग गरी कुनै बस्तु उत्पादन गर्ने उद्योग। |
| ४. खनिज उद्योग | खनिज उत्खनन् तथा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका बस्तु उत्पादन गर्ने उद्योग। |
| ५. निर्माण उद्योग | निर्माण सामाग्रि र भौतिक पूर्बाधार निर्माण गर्ने उद्योग। |
| ६. पर्यटन उद्योग | पर्यटन सेवा प्रदान गर्ने उद्योग। |
| ७. सूचना, प्रबिधि सम्बन्धी उद्योग | सूचना संकलन र प्रशोधन गर्ने उद्योग। |
| ८. सेवामुलक उद्योग | सेवा उत्पादन वा प्रदान गर्ने उद्योग। |

# औद्योगिक ब्यासाय ऐन २०७३ बमोजिम कर छुटको ब्याबस्था कस्तो छ ?

| उद्योगका किसिम | कर छुटको ब्याबस्था |
| --- | --- |
| १. उर्जामुलक उद्योग | बिद्युतको ब्यापारिक उत्पादन गर्ने उद्योगले १० बर्षसम्म पुरै आयकर छुट, त्यस पछिको ५ बर्षसम्म ५० प्रतिशत आयकर छुट । |
| २. उत्पादनमुलक उद्योग | आर्जित आयमा लाग्ने करमा २० देखि ५० प्रतिशत आयकर छुट । |
| ३. खनिज उद्योग | ग्यांस तथा पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योगले ७ बर्षसम्म पुरै आयकर छुट, त्यस पछिको ३ बर्षसम्म ५० प्रतिशत आयकर छुट । |
| ४. निर्माण उद्योग | आर्जित आयमा लाग्ने करमा ४० प्रतिशत आयकर छुट । |
| ५. पर्यटन उद्योग | नगरपालिकामा २ अरब र अन्य क्षेत्रमा ५ करोड भन्दा बढीको स्थिर पुंजि लगानीमा संञ्चालित होटेल तथा रिसोर्टलाइ ५ बर्षसम्म पुरै र ३ बर्षसम्म ५० प्रतिशत आयकर छुट । |
| ६. सूचना, प्रबिधि सम्बन्धी उद्योग | सूचना प्रबिधि उद्योगले ५० प्रतिशत आयकर छुट पाउने । |

# औद्योगिक ब्यासाय ऐन २०७३ बमोजिम कर छुटको ब्याबस्था  कस्तो छ?

| उद्योगका किसिम | कर छुटको ब्याबस्था |
|---|---|
| ३०० वा सो भन्दा बढी नपाली नागरिकलाइ रोजगार दिने उत्पादनमुलक र सूचना प्रबिधि उद्योग। | संञ्चालन बर्षको आयमा १५ प्रतिशत आयकर छुट। |
| १२०० वा सो भन्दा बढी उत्पादनमुलक र सूचना सम्बन्धी उद्योगलाइ | संञ्चालन बर्षको आयमा २५ प्रतिशत आयकर छुट। |
| मथिका उदोग मध्य कम्तीमा ५० प्रतिशत महिला, दलित र अपाङ्गलाइ रोजगार दिएमा | संञ्चालन बर्षको आयमा थप १५ प्रतिशत आयकर छुट। |
| एक अर्ब भन्दा बढी लगानी ५०० भन्दा बढी लाइ रोजगार दिने उद्योग | कारोवार सुरुगरेको मितिले पांच वर्षसम्म पुर्ण आयकर छुट र त्यसपछिको ३ बर्षसम्म लाग्ने करमा ५० प्रतिसत छुट। |
| अति अबिकसित क्षेत्रमा स्थापित उद्योग | कारोबार सुरुगरेको मितिले १० बर्षसम्म आयकर छुट। |

# बिदेशी लगानीकर्त्ताले प्राय सोध्ने प्रश्न के हुन?

- उद्योग तथा ब्याबसाय दर्ता गर्ने लगायतका प्रशासनिक प्रक्रिया कति सहज छन ?
- जग्गा प्राप्ती कसरी हुन्छ?
- लगानी सुरक्षित हुन्छ कि हुंदैन ?
- प्रतिफल आउंछ कि आउदैन ?
- लभांस लैजाने प्रक्रिया कस्ता छन? आदि

# गण्डकी प्रदेशमा बिदेशी लगानी भित्रायाउन के गर्न उपयुक्त होला?

- बिदेशी लगानीका लागि नेपाल सरकारसंगको सहकार्यमा एकदवार  तथा वनस्टोप सेवा केन्द्र स्थापना र संञ्चालन ।
- बौद्धिक सम्पत्तिको संरक्षण ।
- गलानी जुटाउन सहजिकरण ।
- कर छुट लगायतका आर्थिक उत्प्रेरणा ।
- आधारभूत सेवासुबिधाहरु (जग्गा, बिद्युत, पानी, सडक, ढल, टेलिफोन, इन्टरनेट, आदि) को ब्याबस्था ।
- नेपालमा गलानी गरेका बहुराष्ट्रिय कम्पनीलाइ गण्डकी प्रदेशमा बिस्तार गर्न आग्रह गर्ने ।
- आकर्षक योजना बनाइ लगानीको लागि निम्तो दिने ।
- बिदेशी लगानीका लागि प्राथमिकता क्षेत्रहरु निर्धारण गर्दा प्रदेश समृद्धिका सम्बाहक क्षेत्रहरु जस्तै पर्यटन, कृषि, उर्जा, उद्योग, पूर्बाधार, मानब संसाधनका लागि प्राथमिकता दिने ।
- उद्योगमा कृषि प्रशोधन र खनिजमा आधारित उद्योगलाइ प्राथमिकता दिने ।

# गण्डकी प्रदेशमा औद्योगिक वातावरण बनाउन गर्नु पर्ने सुधार के हुन ?

- उद्योगमैत्री कर्मचारी प्रशासन ।
- औद्योगिक क्षेत्रमा जग्गाको ब्यावस्था गरी देशी बिदेशी लगानीकर्त्तालाइ लगानी गर्न आव्हान गर्ने ।
- कृषि प्रशोधन र खनिज उद्योगको आयोजना बनाइ निजि क्षेत्रलाइ सहयोग गर्ने ।
- सार्बजानिक कार्यलयमा उपलब्ध भयसम्म स्थानीय उत्पादन प्रयोग गर्ने नीति बनाइ कार्यान्वयन गर्ने ।
- निर्माण सामाग्रि र उपभोग्य बस्तु उत्पादन गरेर बेचौ भन्ने अभियान संञ्चालन गर्ने ।
- उद्यमसिलता बारे पाठयक्रम बनाइ बिद्यार्थीलाइ पढाउने ।
- औद्योगिकरणको लागि चाहिने सडक, ढल उर्जा, दक्ष कामदार, पुजी आदि प्राप्त गर्न सहजिकरण गर्ने ।